Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७९/४/३०

# प्रेस विज्ञप्ती

नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** लाई संशोधन गर्न संसदमा दर्ता गराएको विधेयकमा प्रस्ताव गरिएका प्रावधानहरु प्रति महिला पुनर्स्थापना केन्द्र (ओरेक) को गम्भीर ध्यानाकर्षण भएको छ। यस प्रस्तावित बिधेयकको संसोधन बिना पारित नगर्नका लागि दवाब स्वरुप मिति २०७९/०४/३० गते बृहत द्वन्द पिडित र मानवअधिकार समुदायको आयोजनामा बानेश्वरमा भएको बृहत दवाब धर्नामा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल,ओरेक लगायत मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा व्यक्तिहरु ऐक्यबद्धता रहेको थियो ।

देशमा सशस्त्र द्वन्द्वलाई आधिकारीक रुपमा अन्तय गरिएको १६ बर्ष हुँदा पनि प्रभावितले न्याय पाउने अवस्था सुनिश्चित हुन सकेको छैन । विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात् गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिका बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य बाहिर ल्याउन सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएता पनि द्वन्द प्रभावितहरु संक्रमणकालिन न्यायबाट वञ्चित छन् । पिडित प्रभावितहरुसंग लामो छलफल पश्चात ल्याईएको भनिएको बेपत्ता परिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संसोधन गर्ने बिधेयक द्वन्द प्रभावितको पक्षमा छैन । उक्त संशोधीत भनिएको ऐनको दफा २६ मा राखिएको क्षमादान सम्बन्धि प्रावधानले मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराध समेतलाई क्षमादान प्राप्त हुने सम्भावना रहेको धारणा सम्मानित सर्वोच्च अदालतले व्याख्या गरि सकेको छ, त्यसैगरी सर्वोच्च अदालत द्वारानै द्वन्द्वका बेला भएका बलात्कार, हत्या, अपहरण, व्यक्ति बेपत्ता पार्ने काम,यातना र आगजनीका घटनाका दोषीलाई आममाफी/क्षमादान नदिने गरी कानुन संशोधन गर्न आदेश भैसकेको अवस्था छ । तर अहिले सम्म पनि सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम कानून संसोधनको प्रक्रिया अगाडि बढेको छैन। यो अवस्थाले मानव अधिकारकर्मीमा यो सरकार देशमा द्वन्द्वकालीन हिंसा प्रभावितहरुको न्याय प्राप्त गर्ने अधिकार सुनिस्चित गर्न जिम्मेवार छैन भन्ने आशंका पैदा गरेको छ । यसले देशमा दण्डहीनताले जरो गाड्न सक्ने आशंका उत्पन्न गरेको छ ।

तसर्थ यो आशंकालाई निवारण गर्दै सरकार संविधानको मर्म अनुरुप मानव अधिकार मुखी देश समाज निमार्ण गर्दै, द्वन्द्व पिडितलाई न्याय प्राप्त गर्न सक्ने वातावरण निमार्ण गर्दै दण्डहीनताको अन्त्य गर्न प्रतिबद्ध छ भन्ने विश्वास गर्ने वातावरण निमार्ण गर्न नेपाल सरकारलाई महिला पुनर्स्थापना केन्द्र, महिला मानव अधिकार रक्षक संजाल लगायत सम्पूर्ण महिला मानव अधिकार रक्षकहरु हार्दिक आग्रह गर्दछौ । त्यसका लागि हाल कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न संसदमा दर्ता गराएको विधेयक संक्रमणकालिन न्यायको मर्म अनुरुप नभएकाले सम्मानीत सर्वोच्च अदालतलको आदेश र द्वन्द प्रभावितहरुको मागलाई

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

समेत ध्यानमा राखी उक्त बिधेयकलाई संशोधन गरेर मात्र संसदबाट अनुमोदन गरि यो सरकार मानव अधिकार प्रति संवेदनशील छ, नागरिक प्रति जिम्मेवार छ भनि विश्वास गर्ने वातावरण निमार्ण गर्न जोडदार माग गर्दछौं ।

डा. रेणु अधिकारी
अध्यक्ष
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

**ऐक्यबद्धता जनाउने संघसंस्था:**

१. महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल
२. महिला मानव अधिकार रक्षकहरुको जिल्ला सञ्जाल, काठमाण्डौ
३. समावेशी कदम
४.तरङ्गिनी फाउन्डेसन
५.महिलाको निम्ति महिला मञ्च, नेपाल
६.नेपाल महिला एकता समाज
७. स्वासा नेपाल
८.चेन्ज एक्सन नेपाल
९. महिला पुनर्स्थापना केन्द्र (ओरेक)

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org